# महालेखापरीक्षकको कार्यालय

## प्रेस विज्ञप्ति

## लेखापरीक्षण सल्लाहकार समिति गठन

सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता, जवाफदेहिता विधिको पालनाको माध्यमबाट सुशासन प्रवर्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दैआएको नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयले आफ्नो कामकारबाहीलाई अझ व्यवस्थित गर्न लेखापरीक्षणमा गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धि गरी लेखापरीक्षणको प्रभावकारिता बढाउन लेखापरीक्षण सल्लाहकार समिति गठन गरेको छ। लेखापरीक्षणसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुले प्रतिपादन गरेका सिद्धान्त, असल अभ्यास तथा अन्य मुलुकहरुको प्रचलनसमेतका आधारमा सार्वजनिक लेखापरीक्षणमा गर्नुपर्ने सामयिक सुधार, लेखापरीक्षण प्रणालीमा अवलम्बन गर्नुपर्ने नवीन अवधारणा, लेखापरीक्षणबाट सरोकारवालाहरुको अपेक्षा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रणालीमा गरिनुपर्ने सुधार र समग्र रुपमा मुलुकको सार्वजनिक आर्थिक प्रशासनमा लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न महालेखापरीक्षकलाई सूचना, राय, सल्लाह तथा सुझाव दिनका लागि सल्लाहकार समिति गठन गरिएको छ।

महालेखापरीक्षकको अध्यक्षतामा गठिन समितिमा देहायबमोजिमका सदस्यहरु रहनुभएको छ।

| | | |
|---|---|---|
| १. | डा. पृथ्वीराज लिगल, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - सदस्य |
| २. | श्री दिपेन्द्रबहादुर क्षेत्री, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - सदस्य |
| ३. | श्री सूर्यनाथ उपाध्याय, पूर्वप्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| ४. | श्री विष्णुबहादुर के.सी., पूर्वमहालेखापरीक्षक | - सदस्य |
| ५. | डा. विमल कोइराला, पूर्वमुख्यसचिव | - सदस्य |
| ६. | प्रा.डा. विश्वम्भर प्याकुर्‍याल, वरिष्ठ अर्थविद् | - सदस्य |
| ७. | प्रा.डा. परासर कोइराला, वरिष्ठ व्यवस्थापन विद् | - सदस्य |
| ८. | श्री अनुराधा कोइराला, समाजसेवी | - सदस्य |
| ९. | श्री भरतबहादुर थापा, पूर्वसचिव | - सदस्य |
| १०. | ई. वीरेन्द्रबहादुर देउजा, पूर्वसचिव | - सदस्य |
| ११. | प्रा.डा. विद्याकिशोर राय "विमल", डिन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| १२. | श्री रामबाबु नेपाल, लेखापरीक्षणविद् | - सदस्य |
| १३. | श्री आदित्यमान श्रेष्ठ, वरिष्ठ पत्रकार | - सदस्य |
| १४. | श्री विमला सुवेदी, उप-महालेखापरीक्षक | - सदस्य-सचिव |

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष, पूर्वमहालेखापरीक्षक, पूर्वप्रमुख आयुक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पूर्वमुख्य सचिव, पूर्वसचिवहरु, अर्थविद्, व्यवस्थापनविद्, प्रशासनविद्, पत्रकार, समाजसेवी, पेशाविद् संगठनहरुबाट उपर्युक्तबमोजिम महालेखापरीक्षकले मनोनित गरी १५ सदस्यीय सल्लाहकार समिति बनाइएको छ। महालेखापरीक्षकको कार्यालयको एक उप-महालेखापरीक्षकले सदस्य-सचिवको रुपमा काम गर्ने व्यवस्था गरिएको छ।

समितिको बैठक वर्षमा कम्तीमा ३ पटक महालेखापरीक्षकले बोलाएको मिति, समय र स्थानमा बस्ने व्यवस्था गरिएको छ। समितिमा सदस्यहरु मानार्थ रुपमा रहने र समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने गरी तोकिएको छ।

यसबाट मुलुकको सार्वजनिक आर्थिक प्रशासनमा लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि भई जवाफदेहिता, वित्तीय व्यवहारमा स्वच्छता, विधिको पालनाका माध्यमबाट सुशासन प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा महालेखापरीक्षकको कार्यालयको रहेको छ।

(बाबुराम गौतम)
प्रवक्ता